**बैठक संख्याः-६४**

आज मिति २०८२ बैशाख १९ गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं.वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.का. वा. वडा अध्यक्ष | श्री केशव श्रेष्ठ | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्ष्मिा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता दुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं २-** बिर्तामोड नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आ.ब. ०८२/०८३ का लागि सिफारिस गरेको रु ७०३२००००० ।- (सत्तरी करोड बत्तीस लाख) बराबरको बजेट सिलिङ स्वीकृत गरी वडा तथा विषयगत समितिहरु (शाखा) को लागि सिलिङ सिफारिस गरे अनुसार आगामी आ.व. को सिलिङ बजेट अनुसारको कार्यक्रम तथा योजनाहरु तोकिएको समय भित्रै तयार गरी सम्बन्धित वडा तथा विषयगत समितिहरुमा छलफल गराई बजेट तर्जुमा समिति लाई समय भित्रै पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ३-** बिर्तामोड नगरपालिका वडा नं. ५ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा दिन इच्छुक जग्गाधनी श्री विवेक केशरी प्रसाईको कि.नं.२०२ क्षेत्रफल ०-२०-२०-४ जग्गा वडा कार्यालय भवन निर्माण प्रयोजनका लागि बिर्तामोड नगरपालिकाको नाममा कित्ताकाट गरि रजिष्ट्रेसन पारित लिने र आवश्यक प्रकृयाका लागि जिल्ला भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापा र जिल्ला नापी कार्यालय झापामा लेखि पठाउने निर्णय गरियो साथै रजिष्ट्रेसन पारित गरि लिने कार्यका लागि ५ नं. वडा अध्यक्ष श्री रोहित प्रसाईंलाई प्रतिनिधी पठाउने निर्णय गरियो।
साथै जग्गाधनी श्री विवेक केशरी प्रसाई लाई धन्यवाद दिदै थप १० धुर जग्गा निशुल्क उपलब्ध गराइदिन अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं ४-** बिर्तामोड नगरपालिकाको नाममा निशुल्क रुपमा जग्गा प्राप्त गर्दा लाग्ने राजश्व, लाभकर , मालपोत लगायतका अन्य सम्पूर्ण खर्च यस नगरपालिका स्वंमले व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं ५-** बिर्तामोड नगरपालिकाको स्वामित्वमा रहेको हेभी साधन भाडामा प्रयोगका लागि दिई सोबाट राजश्व संकलन गर्दै आइरहेकोमा आर्थिक ऐन २०८१ मा स्वीकृत ग्रेडर तथा रोलरको भाडा रकम बजार मूल्य भन्दा कम भएकोले आर्थिक ऐनको दफा १५ को उपदफा १ को अधिकार बमोजिम मिति २०८२ साल जेठ १ गतेदेखि लागू हुनेगरि देहाय बमोजिम भाडा बृद्धि गर्ने निर्णय गरियो।

देहायः

| क्र.सं. | सवारीको नाम | इकाई | विद्यमान भाडा दर | नयाँ भाडा दर |
|---|---|---|---|---|
| १ | ग्रेडर | प्रति घण्टा | २०००(इन्धन बाहेक) | २२००(इन्धन बाहेक) |
| २ | रोलर | प्रति घण्टा | १५००(इन्धन बाहेक) | १६५०(इन्धन बाहेक) |

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

पवित्रा देवी महतारा प्रसाई
नगर प्रमुख

**निर्णय नं ६- विविध**

**क.** बिर्तामोड नगरपालिका "घ" वर्गको ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा ३ को उपदफा ३ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो

**देहायः**

| क्र.सं. | शुल्क विवरण | रकम |
|---|---|---|
| १ | इजाजत अनुमति शुल्क | रु १०,०००।- |
| २ | नविकरण शुल्क | म्याद भित्र रु ४,०००।– म्याद नाघेपछि दोब्बर दस्तुरमा रु ८,०००।- |
| ३ | इजाजत ठाँउसारी आएमा/गएमा | रु २५,००।- |
| ४ | इजाजत नामसारी /संशोधन | रु २५,००।- |
| ५ | इजाजत पत्र प्रतिलिपि | रु १०००।- |
| ६ | १ बर्ष सम्मको इजाजत फेल हुनेलाई थप | रु ५,०००।- |
| ७ | २ बर्ष सम्मको इजाजत फेल हुनेलाई थप | रु ६,०००।- |
| ८ | ३ बर्ष सम्मको इजाजत फेल हुनेलाई थप | रु ७,०००।- |
| ९ | ३ बर्ष भन्दा बढी अवधि सम्म नवीकरण नगरेमा स्वत इजाजत पत्र खारेज हुनेछ। | |

**ख.** बिर्तामोड नगरपालिका वडा नं ४ स्थित उप्रेती सेवा समाजको भवनमा न्युट्रि इसेन्स प्रा.लि. ले हर्वल आहारपुरक खाद्यवस्तु प्याकेजिङ गर्न अनुमति माग गरेकोमा सो प्रा.लि.लाई बिर्तामोड नगरपालिकामा व्यवसाय दर्ता गरि प्याकेजिङ गर्न अनुमति दिने निर्णय गरियो।

**ग.** बिर्तामोड नगरपालिकाको शहरी बस्ती विकास योजना तथा भवन निर्माण इजाजत सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

**घ.** बिर्तामोड नगरपालिकाको चालु आ.ब. ०८१/८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत नगस्तरीय योजनाको शीर्षक नं ४३ बिर्तामोड नगरपालिका वडा नं ४ मा राजेश उप्रेतीको घर दक्षिण चिरन्जिवी अधिकारीको घर हुँदै ट्रान्समिटर सम्म नाला तथा प्लम निर्माण गर्नका लागि रु. ५,००,०००।- बिनियोजन भएको कार्यक्रम रकम संशोधन गरि बिर्तामोड नगरपालिका वडा नं ४ रुद्र राजवंशीको घरबाट पूर्व राजन मैनालीको घर दक्षिण जाने सडकमा नाला तथा प्लम निर्माण कार्यक्रममा खर्च गर्ने निर्णय गरियो।

**ङ.** नेपाल सरकार ,श्रम , रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०१।०१ गते राजपत्रमा सामाजिक सुरक्षा कोषमा सहभागिता गराउन प्रकाशित सूचना बमोजिम बिर्तामोड नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषको योजनामा आवद्ध गराउने निर्णय गरियो।

**च.** बिर्तामोड नगरपालिकाको वडा नं ६ को देउनीया खोला छेउमा रहेको खाली भू-भागमा यस नगरपालिकाको फोहोरहरु संकलन गरी डम्पिङ्ग गरिरहेको अवस्था छ। सो स्थानमा रहेको देउनीया

CamScanner

खोलाले डम्पिङ्ग गरेको स्थानबाट फोहोरहरु बगाई क्षति हुने साथै माहामारी फैलन सक्ने देखिएको हुदाँ उक्त डम्पिङ्ग साइडमा तटबन्धन गरी सार्वजनिक जग्गा संरक्षण गर्न आवश्यक देखिएको। उक्त कार्य तत्काल नगरेको खण्डमा थप क्षति भई विपद आउने सक्ने अवस्था रहेकोले सो स्थानमा यथाशिघ्र तटबन्धन गर्न आवश्यक रहेको साथै उपभोक्ता समितिबाट कार्य गराउनु पर्ने भएकोमा सो स्थानमा बस्ती नभएकोले जनश्रमदान वापतको रकम नउठ्ने अवस्था छ। सो सम्बन्धमा उक्त कार्य गर्नका लागि विर्तामोड नगरपालिका सार्वजानिक खरिद नियमावली २०८० को नियम ३६ को उपनियम २ बमोजिमको व्यवस्था अनुसार सो कार्यका लागी ५% मात्र जनश्रमदान रहनेगरी यस आ.व. २०८१-८२ को शिर्षक नं ३११५१ को सडक तथा पुल निर्माण - नदीजन्य सामाग्री खरिद, संकलन तथा हेभि इक्युपमेन्ट संचालन (इन्धन समेत) बाट खर्च हुने गरी रु १५,००,०००/- (पन्ध्र लाख) (जनश्रमदान बाहेक) मात्र रकम विनियोजन गर्ने निर्णय गरियो।

**छ.** बिर्तामोड नगरपालिकामा कार्यरत कर्मचारी (नगर प्रहरी ,अग्नी नियन्त्रक, सवारी चालक र ईलेक्ट्रिसियन) लाई प्राकृतिक रुपमा हुने मृत्यु, दुर्घटनाबाट हुने मृत्यु , दुर्घटनाबाट हुने अंगभंग र नेपाल सरकारले निर्धारण गरेको प्राणघातक रोगलाई समेत समेट्ने गरि आ.व. ०८२/०८३ देखि तपसिल अनुसार जीवन वीमा गर्ने गराउने निर्णय गरियो।

<u>तपसिलः</u>

| | बीमा गर्ने कर्मचारीको विवरण | | | | कुल बिमाङ्क रकम | बीमा अवधि | प्रिमियम भुक्तानीको प्रकार | बीमा योजना |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | नाम, थर | पद | स्थायी ठेगाना | हाल बसोवास गरेको ठेगाना | | | | |
| १ | ढलकबहादुर पाण्डे | प्रहरी जवान (कमाण्डर) | विर्तामोड-१, झापा | विर्तामोड-१, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| २ | टंकप्रसाद तिम्सिना | प्रहरी जवान | विर्तामोड-४, झापा | विर्तामोड-४, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| ३ | हरिप्रसाद चुडाल | प्रहरी जवान | विर्तामोड-३, झापा | विर्तामोड-३, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| ४ | राजकुमार खड्का | प्रहरी जवान | विर्तामोड-२, झापा | विर्तामोड-२, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| ५ | महेन्द्र पाण्डे | प्रहरी जवान | विर्तामोड-१, झापा | विर्तामोड-१, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| ६ | टेकनारायण राजवंशी | प्रहरी जवान | विर्तामोड-९, झापा | विर्तामोड-९, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| ७ | लिलु सोरेन | प्रहरी जवान | विर्तामोड-७, झापा | विर्तामोड-७, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| ८ | सन्तोष दाश | प्रहरी जवान | विर्तामोड-३ झापा | विर्तामोड-३ झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| ९ | बलराम तिम्सिना | प्रहरी जवान | विर्तामोड-३, झापा | विर्तामोड-३, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| १० | भिमा चुडाल | महिला प्रहरी जवान | विर्तामोड-३, झापा | विर्तामोड-३, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| ११ | गिता बस्नेत | महिला प्रहरी जवान | विर्तामोड-४, झापा | विर्तामोड-४, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| १२ | पवित्रा बस्नेत | महिला प्रहरी जवान | विर्तामोड-३, झापा | विर्तामोड-३, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| १३ | राधा सुवेदी | महिला प्रहरी | विर्तामोड-८, झापा | विर्तामोड-८, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

पवित्रा देवी महतारा प्रसाई
नगर प्रमुख

CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जवान | | | | | | |
| १४ | लक्ष्मी बस्नेत | महिला प्रहरी जवान | विर्तामोड-६, झापा | विर्तामोड-६, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| १५ | खेमराज नेपाल | हल्का सवारी चालक | विर्तामोड-८, झापा | विर्तामोड-८, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| १६ | कृष्णकुमार विक | हेभी सवारी चालक | विर्तामोड-३, झापा | विर्तामोड-३, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| १७ | मदनकुमार आचार्य | हेभी सवारी इन्चार्ज | विर्तामोड-३, झापा | विर्तामोड-३, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| १८ | शशिविक्रम भट्टराई | हेभी सवारी चालक | विर्तामोड-६, झापा | विर्तामोड-६, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| १९ | गंगाप्रसाद उप्रेती | हेभी सवारी चालक | विर्तामोड-५, झापा | विर्तामोड-५, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| २० | विमल न्यौपाने | हेभी सवारी चालक | विर्तामोड-१, झापा | विर्तामोड-१, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| २१ | कुलप्रसाद राना मगर | हेभी सवारी चालक | विर्तामोड-३, झापा | विर्तामोड-३, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| २२ | खगेन्द्रप्रसाद मैनाली | सबबाहन चालक | विर्तामोड-४, झापा | विर्तामोड-४, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| २३ | गणेशप्रसाद तिम्सिना | हलका सवारी चालक | विर्तामोड-९, झापा | विर्तामोड-९, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| २४ | मानबहादुर तामाङ्ग | हल्का सवारी चालक | विर्तामोड-४, झापा | विर्तामोड-४, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| २५ | कमलप्रसाद भण्डारी | हेभि सवारी चालक | विर्तामोड-१, झापा | विर्तामोड-१, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| २६ | महेन्द्रकुमार घिमिरे | हेभी सवारी चालक | विर्तामोड-४, झापा | विर्तामोड-४, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| २७ | नविन मेचे | अग्नी नियन्त्रक | विर्तामोड-६, झापा | विर्तामोड-६, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| २८ | सञ्जिव मेचे | अग्नी नियन्त्रक | विर्तामोड-६, झापा | विर्तामोड-६, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| २९ | देवेन्द्रकुमार आचार्य | इलेक्ट्रिसियन | हल्दिवारी, झापा | हल्दिवारी, झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |
| ३० | चुनु सोरेन | अग्नी नियन्त्रक (का.स.) | बिर्तामोड ७ झापा | बिर्तामोड ७ झापा | ५,००,०००।- | १५ वर्ष | बार्षिक | जिवन बीमा |

पुनश्चः १) माथि उल्लेखित प्रत्येक बिमितको यस बीमा योजनाको प्रिमियम रकम बार्षिक रुपमा निज बिमित यस नगरपालिकाको कार्यालयमा कार्यरत रहेको अवधि सम्म मात्र कार्यालयले प्रत्येक बर्ष बीमा प्रारम्भ हुने मितिको तीस (३०) दिन भित्र भुक्तानी गर्नेछ । कर्मचारीले प्रत्येक बर्ष २० प्रतिशत प्रिमियम तिर्नुपर्नेछ ।

२) कुनै कारणले निज बीमित कार्यालयले बीमा प्रिमियम भुक्तानी गर्नु अगाबै सेवा बाट अलग भएमा कार्यालय प्रिमियम रकम भुक्तानी गर्न बाध्य हुने छैन । तर सोही सेवामा वृत्ति विकास भई बीमा गरिदिने कार्यालयमानै कार्यरत भएमा कार्यालयलेप्रिमियम रकम भुक्तानी गर्नेछ ।

३) बीमितको सेवा अवधि कुनै पनि कारणबाट समाप्त भए पनि प्रिमियम रकम आफैं तिरी बुझाई निरन्तरता गर्न वाधा पर्ने छैन ।

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

पवित्रा देवी महतारा पराई
नगर प्रमुख